
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन १४ गते आइतबार ❑ 26 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–


## राष्ट्रपतिमा दुई पूर्वसभामुखको प्रतिस्पर्धा

रासस
काठमाडौं, १३ फागुन




नेपालका तेस्रो राष्ट्रपतिका लागि राजनीति एवं संसदीय अभ्यासमा बौद्धिक र परिपक्व छवि बनाएका प्रजातन्त्रवादी र वामपन्थी फरक विचारधाराका अनुभवी दुई नेताको उम्मेदवारी परेको छ । यही फागुन २५ गते हुने राज्य प्रमुखका निर्वाचनमा नेपाली कांग्रेसका रामचन्द्र पौडेल र नेकपा (एमाले) का सुवासचन्द्र नेम्वाङको मात्र उम्मेदवारी परेको हो ।

फरक राजनीतिक पृष्ठभूमि र सिद्धान्त अँगाले पनि दुवैसँग संसद्को नेतृत्व गरेको अनुभव छ । गत मङ्सिर ४ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेम्वाङ इलाम–२ र पौडेल निर्वाचन क्षेत्र तनहुँ–२ बाट निर्वाचित हुनुभएको हो । पौडेलसँग उपप्रधानमन्त्रीसहित शान्ति तथा पुनःनिर्माण, गृह, कृषि, सूचना तथा सञ्चारमन्त्रीलगायतको जिम्मेवारी सम्हालेको अनुभव छ भने नेम्वाङले कानून, न्याय तथा संसदीय, सामान्य प्रशासन मन्त्रालयलगायतमा नेतृत्व गर्ने अवसर प्राप्त गर्नुभएको थियो । दुवैले स्थानीय विकास मन्त्रालयको कार्यभार सम्हालेको अर्को संयोग पनि परेको छ ।

संविधान तथा ऐन–कानूनका व्याख्याता नेम्वाङले विसं २०६२/६३को आन्दोलनपछि संविधानसभाको अध्यक्षसहित पाँच पटक सभामुखको जिम्मेवारी कुशलतापूर्वक सम्हालेर इतिहास रच्नुभएको छ । समाजवादका व्याख्याता पौडेलले एक कार्यकाल सभामुखको जिम्मेवारी सम्हाल्ने मौका पाउनुभएको थियो ।उहाँहरू दुवै आआफ्नो संसदीय दलमा वरीयताको हिसाबले दोस्रा भएको अर्को संयोग पनि परेको छ ।

राष्ट्रपतिका दुवै उम्मेदवारको नेपालको संसदीय अभ्यासमा विसं २०४८ देखि प्रवेश भएको हो । पौडेल कांग्रेसका हाल वरिष्ठ नेता हुनुहुन्छ भने नेम्वाङ एमालेका उपाध्यक्ष हुनुहुन्छ । यसअघि नेम्वाङ एमाले संसदीय दलको उपनेता हुनुहुन्थ्यो भने पौडेल भने एक पटक संसदीय दलको नेतामा निर्वाचित भई इतिहास रच्नुभएको छ । उहाँले दलमा वरिष्ठ उपसभापतिको समेत जिम्मेवारी सम्हाल्नुभएको थियो । नेम्वाङ विसं २०४८ मा राष्ट्रियसभा सदस्य तथा पौडेल प्रतिनिधिसभा सदस्य हुनुहुन्थ्यो ।उम्मेदवार पौडेल विसं २०७४ मा बाहेक तनहुँबाट लगातार प्रतिनिधिसभामा निर्वाचित हुँदैआउनुभएको छ भने नेम्वाङ पनि विसं २०५६, २०६४, २०७०, २०७४ र गत मङ्सिरमा भएको प्रतिनिधिसभा सदस्यमा निर्वाचनमा इलामबाट विजयी भइरहनुभएको छ। नेम्वाङभन्दा आठ वर्षले जेठा पौडेलको राजनीतिक संलग्नता विसं २०१५ देखि भएको हो । मुलुकमा लोकतन्त्रका प्राप्तिका लागि विभिन्न समयमा भएका आन्दोलनका क्रममा पौडेलले विसं २०१८ देखि विसं २०६२ सम्म पटक पटक गरी १५ वर्ष बन्दी जीवन बिताउनुभएको छ । उहाँका 'प्रजातान्त्रिक समाजवाद, कृषि क्रान्ति र राजनीतिक विश्लेषणसँग सम्बन्धित पाँच पुस्तक तथा केही रचना प्रकाशित छन् । विसं २०२८ देखि राजनीतिमा प्रवेश गरी निरन्तर क्रियाशील नेम्वाङ पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलनका क्रममा पटक पटक नजरबन्द र सात महिना कैद बस्नुभएको छ । केही समय प्राध्यापनको अनुभवका साथै वरिष्ठ अधिवक्तासमेतको उपाधि हासिल गर्नुभएका नेम्वाङ नेपाल बार एसोसिएसनको महासचिवसमेत हुनुभयो। उहाँसँग प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिको सभापति भएर काम गरेको अनुभव पनि छ ।

पौडेल मानवाधिकारसम्बन्धी पुरस्कारबाट सम्मानित हुनुहुन्छ भने नेम्वाङ गणेशमान सिंह जनआन्दोलन पदकबाट विभूषित हुनुहुन्छ । मुलुकमा मूल्यमान्यता र आदर्शको राजनीतिका लागि निरन्तर आवाज उठाउँदै आउनुभएका स्नातकोत्तर पौडेल साहित्यकार पनि हुनुहुन्छ । स्वतन्त्रता र कानूनी राज्यका लागि क्रियाशील नेम्वाङले बिए/बिएलको अध्ययन पूरा गर्नुभएको छ ।

दुवै नेताले मुलुकको कार्यकारी पदका लागि पहल गरे तापनि दलभित्रका राजनीतिक समीकरणले त्यो अवसर दिलाउन भने सकेन। करिब एक दशकअघि भएको प्रधानमन्त्रीको निर्वाचनमा


बाँकी अन्तिम पृष्ठमा ▶▶


## धर्म र संस्कृति समाज विकासको आधार : प्रदेश प्रमुख गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, १३ फागुन



गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले धर्म र संस्कृति समाज विकासको आधार भएको बताउनुभएको छ ।

पोखराको पर्यटकीय गन्तव्य गुप्तेश्वर गुफा व्यवस्थापन समितिको २६ र २७ औं साधारणसभा एवं १० औं अधिवेशनको आज यहाँ उद्घाटन गर्दै उहाँले धार्मिक एवं सांस्कृतिक माध्यमबाट पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । 'धार्मिक पर्यटन प्रवर्द्धनसँगै त्यसबाट हुने आम्दानीले समाजको शैक्षिक क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुगेको छ', उहाँले भन्नुभयो, 'यस्ता क्षेत्रको संरक्षण र विकासमा तीनै तहका सरकार जिम्मेवार भएर लाग्नुको विकल्प छैन ।' गुप्तेश्वर गुफाको आम्दानीबाट बहुमुखी क्याम्पस र गुरुकूल आश्रम सञ्चालन गर्नु समाज तथा राज्यका लागि महत्वपूर्ण योगदान पुगेको उल्लेख गर्दै प्रदेश प्रमुख गुरुङले यसको भौगोलिक अवस्थाको अध्ययन अनुसन्धान गर्न पहल गर्ने विश्वास व्यक्त गनुभयो । प्रतिनिधिसभा सदस्य विद्या भट्टराई अधिकारीले गुप्तेश्वर गुफा पर्यटकीय नगरी पोखराको महत्वपूर्ण पर्यटकीय गन्तव्यका रुपमा विकास भएको जनाउँदै आम्दानीबाट गुफाको विकाससँगै यस क्षेत्रको संरक्षणमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो । प्रदेशसभा सदस्य बिन्दुकुमारी पौडेल पहारीले धर्म संस्कृति र परम्पराको संरक्षणका लागि सबैको कर्तव्य भएको बताउनुभयो ।

गुफा व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगरपालिका–१७ का वडाध्यक्ष राधिका शाही योगी, छोरेपाटन मावि व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद लम्साल, फणिन्द्रराज रेग्मी, उत्तम सिग्देल, गोपाल बराल, तीर्थराज अधिकारी लगायतले गुफाको उत्पति, व्यवस्थापन र यसले खेलेको भूमिकाका बारेमा चर्चा गर्नुभएको थियो ।

गुफाको विकासमा सहयोग पुऱ्याउनु हुने एक दर्जनभन्दा बढीलाई सम्मान गरिएको कार्यक्रममा सचिव हरिप्रसाद लम्सालले वार्षिक र कोषाध्यक्ष ऋषि बरालले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

## एमालेले राष्ट्रपति उम्मेदवार नेम्वाङलाई सहयोग गर्न दलहरूलाई पठायो

रासस
काठमाडौं, १३ फागुन

नेकपा (एमाले)ले राष्ट्रपतिको निर्वाचनमा आफ्ना उम्मेदवारलाई सहयोग गर्न नेपाली कांग्रेसबाहेक संसद्मा सहभागी रहेका सबै राजनीतिक दललाई औपचारिक पत्र पठाएको छ ।

एमाले केन्द्रीय कार्यालयका सचिव डा भीष्म अधिकारीले कांग्रेसबाहेक संसद्मा रहेका सबै राजनीतिक दलसहित स्वतन्त्र सांसदलाई एमालेका तर्फबाट राष्ट्रपतिका उम्मेदवार सुवासचन्द्र नेम्वाङलाई सहयोग गर्न अनुरोध गर्दै पत्र पठाएको जानकारी दिनुभयो ।

उहाँका अनुसार राजनीतिक दल र स्वतन्त्रसहित १७ पत्र पठाइएको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## एसईई प्रश्न बैंक कार्यशाला जारी

पोखरापत्र संवाददाता
पोखरा, १३ फागुन



शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेशको आयोजनामा शनिबारदेखि पोखरामा एसईई प्रश्न बैंक निर्माण कार्यशाला सुरु भएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय परिक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले परिक्षा पत्रियालाई व्यवस्थित गर्न बोर्ड लागि परेको बताउनुभयो । उहाँले विद्यार्थीलाई हामीले दिने ज्ञानले व्यवहारमा परिवर्तन हुन आवश्यक रहेको समेत औंलाउनुभयो । स्थानीय तहमा समन्वय गर्नेकाम बोर्डले गरिरहेको बताउँदै उहाँले विद्यार्थीलाई केन्द्रविन्दुमा राखेर आफ्नो विद्यालयलाई नमुना बनाउन तर्फ लाग्नुपर्ने बताउनुभयो ।

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव हेमराज सुवेदीले सङ्घीय शिक्षा ऐन नआएको हुनाले प्रदेशमा शिक्षा ऐन ल्याउन अप्ठारो भएको बताउनुभयो । साथै उहाँले एसईई परिक्षामा प्रश्नपत्र निर्माण र संचालन गर्ने प्रदेशले जिम्मेवारी लिन खोज्नु सुखद कार्य रहेको बताउनुभयो । स्रोत व्यवस्थापन एसईई सञ्चालनदेखि लिएर प्रश्न पत्र निर्माण र मुल्याङ्कन विषय अत्यन्तै प्रभावकारी रहेको स्रोत व्यवस्थापनमा मन्त्रालय प्रतिवद्ध रहेको बताउनुभयो । कार्यक्रमको उद्देश्यबारे बताउँदै शिक्षा विकास निर्देशनालयका निर्देशक अम्विका आचार्यले यस्तो किसिमको कार्यशाला ७ वटा प्रदेश मध्ये प्रदेशस्तरबाट भएको यो पहिलो कार्यक्रम रहेको बताउँदै विद्यार्थीको प्रतिभा प्रस्फुटन मात्र नभएर निर्देशनालयले शिक्षकको प्रतिभा प्रस्फुष्ट समेत गर्ने किसिमका कार्यक्रम तय गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा शिक्षा ईकाई समन्वय समितिका प्रमुख नारायण शर्मा, सहजकर्ता डाक्टर टिकाराम भट्ट, नेपाल शिक्षक संगठनका पुर्व अध्यक्ष जगन्नाथ अधिकारी, निर्देशनालयका उपसचिव नारायणप्रसाद पौडेल लगायतले बोल्नुभएको थियो ।

कार्यशालामा गण्डकी प्रदेशका ११ वटै जिल्लाका विभिन्न विद्यालयका प्रध्यानाध्यापक, विषयगत शिक्षकहरुको सहभागिता रहेको कार्यशाला आइतबार सकिनेछ ।




# संगम कप विल स्मृति फुटवल प्रतियोगिताको उपाधि नव आर्दश सामुदायिक विकास समाजलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

पोखरा लामाचौरमा रहेको नव आर्दश सामुदायिक विकास समाजले करिब २४ बर्ष पछि फुटवल प्रतियोगितामा उपाधि जित्न सफल भएको छ। पोखरा १३ मा रहेको संगम क्लवको आयोजनामा शनिबार पोखरामा सम्पन्न भएको आठौं संस्करणको संगम कप विल स्मृति फुटवल प्रतियोगिता २०७९ को उपाधिसंगै नव आर्दशले करिब २४ बर्षमा उपाधि जित्न सफल भएको हो।

यस अघि करिब २४ बर्ष अघि जिल्ला खेलकुद विकास समिति कास्कीले आयोजना गरेको क्लव स्तरिय लिग फुटवलमा उपाधि जितेको समाजले हाल संगम कपको उपाधि जित्न सफल भएको हो । साविक उपबिजेता एल.जी.एशोसियसनलाई शनिबार पोखरा रंगशालामा भएको फाइनल खेलमा ३–२ को गोल अन्तरले पराजित गर्दै नव आर्दशले उपाधि सहित १ लाख ७५ हजार पुरस्कार प्राप्त गर्‍यो। नव आर्दशको जितमा सागर राई र सुशान्त गुरुङले १-१ गोलको योजदान दिएका थिए भने एक गोल उपहार प्राप्त भयो। एलजीका लागि आशीष गुरुङले दुई गोल गरे। यस बर्ष पनि उपबिजेता बन्न सफल भएको एल.जी.ले नगद एक लाखको साथमा ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गरेको हो।



खेलको नवौं मिनेटमा आशीष गुरुङले एलजीलाई सुरुवाती अग्रता दिलाए। २० औ मिनेटमा एलजीका संजय जलारीले क्लियर गर्न खोज्दा आत्मघाती गोल भयो। ३६ औं मिनेटमा आशीषले व्यक्तिगत दोश्रो गोल गर्दै टोलिलाई २-१ को स्थितिमा पुर्‍याए। खेलको ६५ औं मिनेटमा नव आदर्शका सागर राईले गोल गर्दै खेल बराबरीमा ल्याए । निर्धारित ९० मिनेट खेल सकिन एक मिनेट बाँकी हुँदा सुशान्त गुरुङले गरेको गोलले नव आदर्शलाई २४ बर्ष पछि जित प्राप्त भयो। निकै राम्रो खेल प्रर्दशन गरेको एल.जी.ले पाएका ७ वटा भन्दा बढी असर खेर जानु नै दुर्भाग्य हुन पुग्यो । प्रायः एल.जी.को दबाबमा परेको नव आर्दशले पाएका थोरै अवसरलाई गोलमा परिणत गर्दा नजिता आफ्नो पक्षमा पार्न सफल भयो। फाइनल खेलमा नव आर्दशका सुसान्त गुरुङ म्यान अफ दी म्याच घोषित भए।

प्रतियोगितामा नव आर्दशका शुसान्त गुरुङ उत्कृष्ट खेलाडी घोषित भए । त्यसै गरी प्रतियोगितामा उत्कृष्ट स्टाइकरमा एल.जी.का आसिस गुरुङ, उत्कृष्ट डिफेण्डरमा एल.जी.कै संगम ठकुरी, उत्कृष्ट मिड फिल्डरमा नव आर्दशका अनुज भण्डारी घोषित भएभने उत्कृष्ट गोलरक्षकमा नव आर्दशका आशिस केसी घोषित भएको प्रतियोगिताका म्याच कमिस्नर खिम बहादुर गुरुङले बताए । प्रतियोगितामा उत्कृष्ट हुने खेलाडीलाई ७ हजार, प्रतियोगितामा उत्कृष्ट स्टाइकर, उत्कृष्ट डिफेन्स, उत्कृष्ट मिड फिल्डर र उत्कृष्ट गोलरक्षकलाई जनहि ५/५ हजारको साथमा ट्रफी पुरस्कार प्रदान गरिएको छ।

विजयी खेलाडीहरुको टोलीलाई कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नम्बर १३ का वडा अध्यक्ष किरण बराल, जिल्ला खेलकुद विकास समिति कास्की तथा पोखरा १५ का अध्यक्ष तोरण बानिया, अखिल नेपाल फुटवल संघ(एन्फा) कास्कीका अध्यक्ष उज्जल रन्जित, एन्फा कास्कीका पूर्व उपाध्यक्ष एवं सहारा क्लवका पूर्व अध्यक्ष बिक्रम थकाली, सहारा हङकङका अध्यक्ष दीपक गुरुङ, नव आर्दश सामुदायिक विकास समाजका अध्यक्ष स्वागतसिंह भण्डारी, मनकामना पेट्रोल पम्पका संचालक एवं खेलकुदकर्मी सुनिल गुरुङ, पोखरापत्र राष्ट्रिय दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल, प्रतियोगिता संयोजक शिव गुरूङ (माया) लगायतले पुरस्कार वितरण गरेका थिए। यही फागुन ८ देखि सूरु भएको उक्त प्रतियोगितामा १६ टिमको सहभागिता रहेको अपिसियल राजेन्द्र तामाङले बताए ।

उक्त अवसरमा क्लवले पूर्व खेलाडी हरि लामा तामाङ र खेलपत्रकार दीननाथ बराललाई सम्मान गरेको छ । पूर्व फुटवल खेलाडी तामाङले खेलकुदको क्षेत्रमा उल्लेखनिय रुपमा योगदान पुराएको र नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष समेत रहेका खेलपत्रकार दीननाथ बरालले क्लवका हरेक खेल गतिविधिहरु विगत लामो समय देखि प्रचार प्रसारमा महन्वपूर्ण भुमिका खेलेको भन्दै क्लवका अध्यक्ष नरेन्द्रजंग गुरुङले दोसल्ला ओढायर सम्मान गरेका हुन्।

संगम क्लवले २०६८ मा जिल्लामा छनौट भई राष्ट्रिय लिग समेत खेलेको थियो । पुर्व खेलाडी संगम क्बलका संस्थापक सदस्य एवं कप्तान समेत रहेका बिल तामाङको स्मृतिमा क्लवले उक्त फुटवल प्रतियोगिता संचालन गरेको सचिव बिकल थुलुङ राईले बताए । यसैबिच उक्त प्रतियोगिताको अवसरमा सेतीपुल वारी संगम क्लवका अध्यक्ष नरेन्द्रजंग गुरुङ सहितको टोली) र सेती पारी पूर्व राष्ट्रिय खेलाडी इश्वर गुरुङ(चन्द्र) सहितको भेट्रान्स खेलाडीहरु बिच शनिबार बिहान भएको मैत्रिपूर्ण फुटवल खेलमा संगम क्लव सहितको टोली ८–२ गोल अन्तरले विजयी भएको छ। प्रतियोगिताको मुख्य प्रायोजकको रुपमा सहारा हङकङ र संगम एल.जी.हङकङ रहेको थियो।

# सूर्य नेपाल वेस्टर्न ओपन प्रो-एम उपाधि सञ्जय सम्मिलित टोलीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

प्रोफेसनल गल्फर सञ्जय लामा सम्मिलित टोलीले सूर्य नेपाल वेस्टर्न ओपन प्रो-एमको उपाधि जितेको छ।

पोखरा स्थित पार-६९ हिमालयन गल्फ कोर्समा शनिबार भएको प्रतिस्पर्धामा प्रो सञ्जय लामा तथा एमेच्योर खेलाडीहरु राजु थकाली, सन्तोष गुरुङ र ब्रिगेडियर जनरल सुदर्शन सिलवाल कुल १३८ अंक जोडदै उपाधि जितेका हुन्। प्रो सञ्जय र एमेच्योर गल्फर सिलवालले ३४ अंक जोडे भने अन्य दुई एमेच्योर थकाली र गुरुङले समान ३५ अंक बनाए।




प्रो निरज तामाङ सम्मिलित टोली कुल १२३ अंक जोडेर दोस्रो भएको छ। नीरजले ३२ स्कोर गर्दा एमेच्योर सुष्मा सिग्देलले ३२, दीपक कार्कीले ३० र अर्जुन कुमार कार्कीले २९ अंक जोडे। यसैगरी १०७ अंक जोडेर प्रो बलभद्र राईको टिम तेस्रो बन्यो । बलभद्रले २८ तथा एमेच्योर राजेन्द्र गौचनले २८ सन्देश सिग्देलले पनि २८ र रवीन्द्र तिवारीले २८ अंक जोडे।

महिलातर्फ सुष्मा सिग्देलले ३२ अंक सहित उत्कृष्ट कार्डको ट्रफी हात पारिन् । प्रकाश गुरुङले लङ्गेस्ट ड्राइभ र दिपक कार्कीले क्लोजेस्ट टु दी पिनको उपाधि जिते । सर्वाधिक स्कोर गर्ने प्रो र उत्कृष्ट तीन एमच्योर गल्फर विजेता टोलीमा परेका हुन् । दोस्रो स्थानका प्रो खेलाडी र चौथो, पाँचौ र छैटौं स्थानका एमेच्योर खेलाडी दोस्रो भए। यसैगरी तेस्रो भएका प्रो तथा सातौं, आठौं,नवौं स्थानका एमेच्योर खेलाडी तेस्रो भएका हुन्। स्टेबलफोर्ड फुल ह्यान्डिक्याप फरम्याटमा खेलाइएको इभेन्टमा १५ प्रो र ५५ एमेच्योर खेलाडीले भाग लिएका थिए। विजेतालाई पिजीए नेपालका अध्यक्ष रवीन्द्रमान श्रेष्ठ, नेपाल गल्फ संघका अध्यक्ष टासी घले, हिमालयन गल्फ कोर्सका निर्देशक किरण केसीले पुरस्कार वितरण गरे।

शुक्रबार सम्पन्न ५४ होलको इभेन्टमा धरानका शुक्रबहादुर राईले एक-अन्डर २०६ को कुल स्कोरका साथ उपाधि जितेका थिए। सञ्जय लामा र भुवन नगरकोटीले एक-ओभर २०८ मा सम्युक्त दोस्रो स्थान हासिल गरेका थिए। २३औं संस्करणको प्रतियोगितामा कुल आठ लाख नगद पुरस्कार रहेको थियो।

# बालकल्याण हाई स्कुलका ३६ औं वार्षिकोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

पोखरा महानगरपालिका वडा नं १३ स्थित बालकल्याण हाई स्कुलको ३६ औं वार्षिकोत्सव, अभिभावक दिवस, पुरस्कार वितरण तथा विविध सांस्कृतिक कार्यक्रम शनिवार सम्पन्न भयो।



गण्डकी प्रदेश सरकारका कृषि, उर्जा तथा जलस्रोत मन्त्री वेदवहादुर गुरुङले वार्षिकोत्सवको उद्घाटन गर्दै सम्पत्ति धेरै थौर हुन सक्छ तर सामाजिक मुल्य सदैव एउटै हुने धारणा राखे। विद्यार्थीलाइ ज्ञान सँगै विश्ववजारमा प्रतिष्प्रर्धा गर्न सक्ने क्षमतामा विकास गर्न सक्ने पढाइ हुनु पर्ने मन्त्री गुरुङको जोड थियो । वाल कल्याण हाई स्कूलका प्रधानाध्यापक षडानन्द गौतमले सकारात्मक सोच लिएर अगाडि बढेमा सदैव सफल हुने भने। सोही दिन भएको लोक भेष प्रतियोगिता जय गुरुङ पहिलो, प्रकृति वाँस्तोला दोस्रो र हसिना श्रेष्ठ तेस्रो भएकी छिन्।

कार्यक्रममा बाल कल्याण हाई स्कुलका संचालक शोभा लक्ष्मी पौडेल को अध्यक्षतमा भएको कार्यक्रममा प्याव्सन केन्द्रिय सल्लाहकार गणेशमान गुरुङ, प्रा. तारा वारल, अभिभावक युवराज गुरुङ, तमु धि नेपाल कास्कीका अध्यक्ष होमवहादुर गुरुङ लगायत वालेको कार्यक्रममा कक्षा ९ मा अध्ययनरत कृपा गुरुङले स्वागत । शिक्षिका मिनमाया तामाङले कलात्मक शैलीमा संचालन गरेकी थिइन।

# राष्ट्रपतिमा...

पौडेल एमालेका झलनाथ खनालसँग पराजित हुनुभएको थियो। मुलुककै सर्वोच्च पदका लागि दुवै एकैसाथ प्रतिस्पर्धामा रहनुपर्ने घटनालाई अनौठो संयोगका रूपमा हेरिएको छ । नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवन परिसरमा स्थापित निर्वाचन अधिकृतको कार्यालयमा बिहान १० देखि अपराह्न ३ बजेसम्म आठदलीय गठबन्धन र वर्तमान सत्ता साझेदार एमालेका तर्फबाट मात्र उम्मेदवारी मनोनयनपत्र दर्ता भएको थियो।

मुलुकको राष्ट्राध्यक्षका रूपमा रहने राष्ट्रपति पदको निर्वाचनका लागि यही फागुन २५ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म मतदानको समय तोकिएको छ । विसं २०७२ असोज ३ गते जारी ‘नेपालको संविधान’मा नेपालमा एक राष्ट्रपति रहने र राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने उल्लेख छ । संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ।

मुलुकमा २०६२/६३ को आन्दोलनको उपलब्धिका रूपमा मुलुकमा गणतन्त्र स्थापना भएसँगै राष्ट्रपति प्रणालीको अभ्यास भएको हो ।राष्ट्रपतिको निर्वाचनमा सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) र प्रदेशसभाका सदस्य मतदाता हुने छन् ।

राष्ट्रपति निर्वाचनको मतदाताको सङ्ख्या सङ्घीय संसद्का ३३२ र सातै प्रदेशका प्रदेशसभा सदस्य ५५० गरी कूल ८८२ कायम छ। सङ्घीय सांसदको मतभार ७९ र प्रदेशसभा सदस्यको मतभार ४८ छ । राष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्ष हुने र दुई पटक राष्ट्रपति निर्वाचित भइसकेको व्यक्ति निर्वाचनमा पुनःउम्मेदवार हुन नसक्ने संविधानमा उल्लेख छ ।राष्ट्रपति निर्वाचनका लागि नयाँ बानेश्वरस्थित संसद् भवन परिसरमा सङ्घीय संसद् सदस्य र प्रदेशसभा सदस्यका लागि छुट्टाछुट्टै मतदान केन्द्र हुनेछ।

विगतमा जस्तै मुलुकका प्रमुख ठूला दल कांग्रेस र एमालेका उम्मेदवारबीचको प्रतिस्पर्धाका रूपमा यस निर्वाचनलाई हेरिएको छ । नयाँ संविधान जारी हुनुअघि र पछि डा रामवरण यादव र विद्यादेवी भण्डारीले राष्ट्रपतिको जिम्मेवारी सम्हाल्नुभएको छ।

# एमालेले...

छ । अध्यक्ष केपी शर्मा ओलीले नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रय प्रजातन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीलगायत पार्टीका अध्यक्षसहित स्वतन्त्र सांसदलाई सम्बोधन गर्दै राष्ट्रपतिको निर्वाचनमा नेम्वाङलाई सहयोग गर्न पत्र लेख्नुभएको हो।

“नेपालको संविधानको मर्म र भावनाअनुरुप नेम्वाङ राष्ट्रपतिका लागि अत्यन्त योग्य एवं उपयुक्त उम्मेदवार हुनुहुन्छ, राष्ट्रियसभा, प्रतिनिधिसभा र प्रदेशसभाका सदस्य मतदाता हुने यस निर्वाचनमा तपाईँको पार्टीका तर्फबाट नेम्वाङको पक्षमा मतदानका लागि पूर्ण सहयोग प्राप्त हुने विश्वासका साथ अनुरोध गर्दछु”, पत्रमा भनिएको छ।

# ‘प्रथम फ्लो फ्लो कप’ को तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

गन्नी एफसी फुटबल क्लवको आयोजनामा ‘प्रथम फ्लो फ्लो कप’ सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगिताको तयारी पुरा भएको छ।

पोखरा महानगरपालिका १३ माछापोखरी खेल मैदानमा फागुन १४ गते देखि २० गतेसम्म सञ्चालन हुने प्रतियोताको सम्पूर्ण तयारी पूरा भएको क्लबका अध्यक्ष गणेश क्षेत्रीले जानकारी दिए । ‘ हाम्रो प्रतियोगिताको तयारी लगभग सकिएको छ, फुटबलको विकास गर्ने उद्देश्यसहित फुटवल प्रतियोगिता सञ्चालन गर्न लागिएको अध्यक्ष क्षेत्रीले मयुर टाईम्स न्युजलाई बताए। भोली १४ गते दिनको १ः३० बजे उद्घाटन गर्न हाम्रा सम्पूर्ण टीम तयारीमा लागेका छौ, उनले भने, ‘ हालसम्म ४० टिमको दर्ता भइसकेको छ । अध्यक्ष क्षेत्रीका अनुसार सो प्रतियोगिताको विजेतालाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित २ लाख एघार हजार १ सय ११ रुपैया प्रदान गरिने जानकारी दिए । उनका अनुसार उपविजेताले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई ट्रफि सहित ७ हजारद्वारा पुरस्कृत गरिनेछ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ । - विदुरनीति

## सम्पादकीय

# राष्ट्रपतिमा पूर्व सभामुखबीच प्रतिष्पर्धा

आगमी २५ गते हुने राष्ट्रपतिको चुनावको लागि राष्ट्रपतिमा दुई पूर्व सभामुखबीच प्रतिस्पर्धा हुने भएको छ । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्वाङले शनिबार संघीय संसद भवनस्थित राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन कार्यालयमा गई मनोनयन दर्ता गराएका छन् । पौडेलको प्रस्तावकमा कांग्रेस सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, जनता समाजवादी पार्टीका नेता अशोक राई र जनमत पार्टीका नेता अब्दुल खाँ रहेका छन् । त्यस्तै समर्थकमा लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक हितराज पाण्डे रहेका छन् ।

पौडेललाई नेपाली कांग्रेससँगै नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाको समर्थन छ। राष्ट्रपतिमा उम्मेदवारी दर्ता गरेपछि पौडेलले चुनाव हुने दिन २५ फागुनसम्म आफूलाई एमालेले पनि समर्थन गर्ने विश्वास व्यक्त गरे । 'एमाले अध्यक्ष पनि म सँगै जेल बस्नुभएको हो, पुरानो साथी हो, यो पदलाई राष्ट्रको साझा पद बनाउन उहाँले योगदान गर्नुहोला भन्ने अपेक्षा गरेको छु' उम्मेदवारी मनोनयन दर्तापछि उनले बताए ।

त्यसैगरी राष्ट्रपतिका उम्मेदवार नेम्वाङले आफ्नो नाममा राष्ट्रिय सहमति हुने विश्वासका साथ आफू राष्ट्रपतिको उम्मेदवार भएको बताएका छन् । उम्मेदवारी दर्ता गराइसकेपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले यस्तो दाबी गरेका हुन् । उनले आफू सबै हिसावले संविधानको परिपालना गर्न लाग्ने दाबी गरे । उनले स्वस्थ प्रतिष्पर्धालाई सम्मान र जगेर्ना गर्दै देशमा स्वस्थ आधार र वातावरण तयार गर्न आफ्नो भूमिका हुने बताए । उनले व्यवहारमा जनताको राष्ट्रपति अनुभुत हुने ढंगले काम गर्ने प्रतिवद्धता जनाए । उनले भने, 'सबै हिसावले संविधानको परिपालना गर्न लाग्ने छु । आफ्नो नाममा राष्ट्रिय सहमति हुने विश्वास भएर नै उठिरहेको हो । स्वस्थ प्रतिष्पर्धालाई सम्मान र जगेर्ना गर्दै देशमा स्वस्थ आधार र वातावरण तयार गर्न लाग्नेछु । अब जनताको राष्ट्रपतिको व्यवस्था गरेका छौं । व्यवहारमा जनताको राष्ट्रपति अनुभुत हुने ढंगले काम गर्ने मेरो प्रयास हुनेछ । हिजो संविधान सभामा रहँदा ३१ वटा राजनीतिक दलहरुको सर्वसम्मत अध्यक्ष भएर संविधान जारी गर्न भुमिका निर्वाह गरेँ । संविधानको संरक्षक हुने अवसर पाएको छ ।

राष्ट्रपतिको लागि पौडेल र नेम्वाङले उम्मेदवार दिए सँगै राप्रपा सरकावाट वाहिरीएको छ । यसरी नेताले जनातालाइ आफ्नो कुर्चिको लागि वारम्बर सरकारमा सहभागीको लागि सरकार ढाल्ने र बनाउने खेल अझै कहिलेसम्म चल्ने हो ? जनताले विकासको वाटो कुर्दा कुर्दै मन्त्रीहरुको चर्त्रिकला हेर्दै दिनप्रतिदिन उकासीएका अझम्वरी ढाड सेक्ने कर तिर्नाले अव जनतामा निरासा वाहेक अरु केही पलाएको छैन । यसरी दुइ दुइ महिनामा परिवर्तित सरकारले जनतालाई बोकाएको ऋण तीर्न नसक्दा सयौले आत्म हत्या रोजेका छन् । सम्वन्धित क्षेत्रले सरकार परिवर्तन मात्र नभै जनताको मुलभुत गास बास कपास, शिक्षा, स्वास्थ, मनोरञ्जना र सुरक्षाको लागि विशेष ध्यान दिन जरुरी छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# १० वर्षदेखि चार पाङ्ग्रे लाइसेन्स परीक्षा बन्द

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ फागुन

उपयुक्त जग्गा अभावमा १० वर्षदेखि बागलुङमा चार पाङ्ग्रे सवारी चालक अनुमतिपत्र (लाइसेन्स) परीक्षा सञ्चालनमा आउन सकेको छैन ।

धौलागिरि यातयात व्यवस्था कार्यालयका अनुसार उपयुक्त जग्गा अभावमा १० वर्षदेखि रोकिएको लाइसेन्स परीक्षा (ट्रायल) का लागि आवश्यक जग्गा भाडामा भए पनि लिन खोजिएको छ । मापदण्डअनुसारको उपयुक्त जग्गा भाडामा लिएर चार पाङ्ग्रे सवारीको लाइसेन्स परीक्षा लिने व्यवस्था गर्न यातायात व्यवस्था कार्यालय क्रियाशील छ ।

नयाँ मापदण्ड लागू भइसकेपछि यातायात व्यवस्था कार्यालय बागलुङले लिँदै आएको चार पाङ्ग्रे र दुई पाङ्ग्रे सवारीको चालक अनुमतिपत्र (लाइसेन्स)को परीक्षा स्थगन गरियो । पछि दुई पाङ्ग्रे सवारीसाधनको लागि भाडामा जग्गा लिएर ट्रायल परीक्षा सञ्चालन गरे पनि चार पाङ्ग्रेको ट्रायललाई भाडामा लिन उपुयक्त जग्गा र पूर्वाधार अभावमा १० वर्षदेखि परीक्षा सञ्चालन गर्न नसकिएको हो । धौलागिरि यातायात व्यवस्था कार्यालयले पूर्वाधारसहितको जग्गा भाडामा लिएर चार पाङ्ग्रे लाइसेन्सको परीक्षाको तयारी थालेको सूचना अधिकारी बद्रीनाथ गौतमले जानकारी दिनुभयो । दुई पाङ्ग्रे सवारीको ट्रायल परीक्षा सञ्चालन गर्न लिइएको बागलुङ नगरपालिका-१ रामरेखाको माझी बस्ती नजिकैको जग्गामा चार पाङ्ग्रे सवारीको परीक्षा सञ्चालनलाई जग्गा भाडामा ल्याउने तयारी भइरहेको छ ।

"दुई पाङ्ग्रे सवारीसाधनको ट्रायललाई भाडामा लिइएको जग्गाको मिति सकिँदैछ, पुनः ठेक्कामा लैजाने भनेका छौं, त्योसँगै चार पाङ्ग्रेका लागि आवश्यक पूर्वाधार मापदण्डसहितको फेला परेमा भाडामै लिएर भए पनि एक वर्षभित्रै चार पाङ्ग्रे सवारी चालक अनुमतिपत्रको परीक्षा लिने योजना छ", गौतमले भन्नुभयो, "कार्यालयलाई भाडामा जग्गा लगाएको धौलागिरि ड्राइभिङ इन्स्टिच्युटले दुईपाङ्ग्रे ट्रायल सेन्टर नजिकै चार पाङ्ग्रेका लागि ट्रायल दिन आवश्यक पूर्वाधार बनाइसकेको छ, उक्त पूर्वाधार मापदण्डअनुसारको पाइएमा एकै स्थानमा दुई पाङ्ग्रे र चार पाङ्ग्रेको ट्रायल दिने व्यवस्था मिलाइनेछ ।"

अहिले निजीस्तरबाट सञ्चालनमा आएका ट्रायल सेन्टर सिक्न उपयुक्त भए पनि परीक्षालाई मापदण्डअनुसारको नभएको सवारी चालक अनुमतिपत्र शाखा प्रमुख श्याम थापा बताउनुहुन्छ । "परीक्षालाई केही थप पूर्वाधारसमेत चाहिन्छ, सिसी टिभी जडानसहित परीक्षाका दिने र लिनेलाई केही कोठासहितको खुल्ला पूर्वाधार आवश्यक पर्दछ", थापाले भन्नुभयो, "ट्रायल निर्देशिकाको मापदण्डअनुसार निर्माण भएको जुनसुकै संरचना भए पनि भाडामा लिएर परीक्षा दिने व्यवस्थामा लाग्छौं ।" जिल्लामा सवारीसाधनको चाप बढ्दै गएको र लाइसेन्स लिन पोखरालगायतका ठूला सहरमा जानुपर्ने बाध्यतालाई मध्यनजर गर्दै १० वर्ष पछि चार पाङ्ग्रे सवारी साधानको परीक्षा लिने तयारी भएको हो । अहिले धौलागिरि यातायात व्यवस्था कार्यालयले दुई पाङ्ग्रे सवारीसाधनको ट्रायल तथा लिखित परीक्षाका लागि आइतबार, सोमबार, मङ्गलबार र बुधाबार बायोमेट्रिक, बिहीबार रिट्र्यालको राजस्व बुझाउने, मङ्गलबार रिट्रायलर बुधबार ट्रायल परीक्षा सञ्चालन गरिरहेको छ । जग्गा अभावका कारण बागलुङमा चार पाङ्ग्रे सवारी चालक अनुमतिपत्र (लाइसेन्स) परीक्षा नहुँदा ठूलो खर्च गरेर परीक्षा दिनका लागि पोखरासहितका अन्य ठूला सहरमा जानुपर्ने बाध्यता रहेको स्थानीय सविन पुनले गुनासो गर्नुभयो । विसं २०६९ देखि सवारी चालक अनुमतिपत्र परीक्षाको नयाँ मापदण्ड लागू भएसँगै जग्गा अभावमा दुई पाङ्ग्रे र चार पाङ्ग्रे सवारी चालक अनुमतिपत्रको परीक्षा बन्द भएको थियो । दुई पाङ्ग्रेका लागि माझीबस्ती नजिकै भाडामा जग्गा लिएर २०७४ सालदेखि दुईपाङ्ग्रे सवारी चालक अनुमतिपत्रको परीक्षा पुनः सञ्चालनमा आए पनि चार पाङ्ग्रेको परीक्षा हुन नसकेको धौलागिरि यातायात व्यवस्था कार्यालय बागलुङका कार्यालय प्रमुख पारसिंह थापाले बताउनुभयो । साविक धौलागिरिको चार जिल्ला हेर्ने गरी धौलागिरि यातायात व्यवस्था कार्यालय २०६५ सालमा स्थापना थियो । अहिले धौलागिरि यातायात व्यवस्था कार्यालयले दैनिक ४० मोटरसाइकल र २० स्कुटर गरी ६० जनाको फर्म दर्ता गर्दै आएको छ ।

# दोहोरी गीत प्रतिष्ठानको अध्यक्षमा थापामगर

**रासस**
काठमाडौं, १३ फागुन

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको अध्यक्षमा धादिङकी रीता थापामगर सर्वसम्मत निर्वाचित हुनुभएको छ ।

शुक्रबारदेखि धादिङबेंसीमा जारी प्रतिष्ठानको आठौँ केन्द्रीय महाधिवेशनबाट थापा सर्वसम्मत अध्यक्षमा निर्वाचित हुनुभएको हो । केन्द्रीय निर्वाचन समितिले सार्वजनिक गरेको उम्मेदवारको नामावलीअनुसार थापाका विरुद्ध उम्मेदवारी नै नपरेपछि उहाँ सर्वसम्मत बन्नुभएको हो ।

उहाँ प्रत्यक्ष दोहोरी गीतबाट चर्चामा हुनुहुन्थ्यो । लोक तथा दोहोरी क्षेत्रमा दशकअघिदेखि तल्लीन थापामगरले यसअघि प्रतिष्ठानको विभिन्न पदमा रहेर काम गरिसक्नुभएको छ । प्रतिष्ठानको वरिष्ठ उपाध्यक्षमा स्याङ्जाका पशुपति शर्मा र प्रथम उपाध्यक्षमा रामजी खाण सर्वसम्मत हुनुभएको छ । साङ्गठनिक उपाध्यक्षमा सुवास केसी, प्रशासनिक उपाध्यक्षमा दीपक खड्का र महिला उपाध्यक्षमा राधिका हमाल पनि सर्वसम्मत निर्वाचित हुनुभएको छ । सात जनाको खुला उपाध्यक्षमा भने १० जनाको उम्मेदवारी परेको छ । खुला उपाध्यक्षमा पुष्कल शर्मा, राजु ढकाल, चोलेन्द्र पौडेल, कृष्ण रेउले, खुमन अधिकारी, कुलेन्द्र विश्वकर्मा, पूर्णकला विसी, शङ्कर विसी र तारापति सुवेदीको उम्मेदवारी परेको छ । प्रतिष्ठानको महासचिवमा शिव हमाल सर्वसम्मत बन्नुभएको छ । उपमहासचिवमा हरि डाँगी (प्रशासनिक) र शिरीष देवकोटा (साङ्गठनिक) र कोषाध्यक्षमा अमृत अधिकारी सर्वसम्मत चयन हुनुभएको छ । त्यस्तै महिला सचिवमा जमुना राना सर्वसम्मत चयन हुनुभएको छ । त्यस्तै सात प्रदेशमध्ये भूगोल सचिवमा पनि गण्डकी प्रदेशबाहेक सबै प्रदेशबाट आउने सचिव पदमा सर्वसम्मत भएको छ । गण्डकी प्रदेशबाट भने तीन जनाको उम्मेदवारी परेको छ । तीन जनाको खुला सचिव पदमा पनि पाँच र दुई जनाको तथा सहकोषाध्यक्ष (खुला) पदमा तीन जनाको उम्मेदवारी परेको छ ।

# अञ्जुली आवासीय विद्यालयको ३० औं वार्षिकोत्सव

**प्रतिक्षा पौडेल/ समिक्षा गौतम**
पोखरा, १३ फागुन



अञ्जुली आवसीय माध्यामिक विद्यालयको ३० औं वार्षिकोत्सव, अभिभावक दिवस, पुरस्कार वितरण तथा विविध सास्कृतिक कार्यक्रम सम्पन्न भएको छ ।

विद्यालयको वार्षिकोत्वसमा विभिन्न व्यक्तिलाई सम्मान गरिएको छ । यसरी सम्मान हुनेमा दीर्घसेवा सम्मानबाट शिक्षक गोविन्द पौडेल, राजन खत्री, कृष्णबहादुर मल्ल, सम्मानित भएका छन् । त्यसैगरी शैक्षिक प्रशासन तर्फ विद्यालयकी प्रध्यानाध्यापक सुनिता कुँवर केसी, परीक्षा संयोजक खेमराज अधिकारी, अतिरिक्त क्रियाकलाव संयोजक लक्ष्मण पौडेल, विद्यालयका गतिविधि सञ्चालन तर्फ प्रेमनारयण ढकाल, नृत्य प्रशिक्षक रविन्द्र गुरुङ, लेखा शाखा पार्वती पुनलाई सम्मान गरिएको थियो । त्यस्तै विद्यालयको आवास कर्मचारी तर्फ शिव वस्याल, माया रोका र रविन्द्र अधिकारीलाई सम्मान गरिएको थियो । उनिहरुलाई सम्मान पत्र र दोसल्ला ओढाई सम्मान गरिएको थियो ।

कार्यक्रममा विद्यालयको शैक्षिक तथा अतिरिक्त क्रियाकलापको पुरस्कार वितरण गरिएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि जिल्ला शिक्षा तथा समन्वय इकाइ कास्कीका प्रमुख नारायण प्रसाद सुवेवीले शिक्षाको क्षेत्रमा विद्यलयले उत्कृष्टता हासिल गरेको बताए । 'यस विद्यालयमा अध्ययन गरेका विद्यार्थीले विदेशमा गएर पनि छात्रवृत्तिमा नाम निकालेर पढेको अभिलेख पाईयो' सुवेदीले भने,' त्यसैले यस विद्यालयको पढाई विश्वस्तरको छ भने प्रमााणित हुन्छ ।' उनले आगामि दिनमा पनि विद्यालयको उत्कृष्टतालाई कायम राख्न विद्यालय प्रशाशन लाग्न सुझाव दिए । कार्यक्रममा एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले पढाइको अलावा अतिरिक्त क्रियाकलावमा पनि विद्यालयको सहभागिता उत्कृष्टता रहेको बताए । कार्यक्रममा विद्यालयकी प्रध्यानाध्यापक सुनिता कुँवर केसीले विद्यालयको आर्थिक, भौतिक, शैक्षिक तथा वार्षिक प्रगति प्रतिवेदन पेश गरेकी थिईन् ।

विद्यालयका संस्थापक निर्देशक राजु केसीको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगरपालिका शिक्षा महाशाखाका वरिष्ठ अधिकृत कृष्णप्रसाद भण्डारी, प्याब्सन कास्कीका अध्यक्ष मथुराप्रसाद अधिकारी, युनिप्स नेपालका अध्यक्ष शान्तबहादुर गुरुङ, अभिभावक बैकुण्ठरमण पराजुली, भूपू विद्यार्थी डा.यज्ञराज अधिकारी, शिक्षक प्रेमनारायण ढकाल, लक्ष्मण पौडेल, विद्यार्थी कृतिका तिम्सिना, दृश्या पौडेल लागयतले बोलेका थिए । २०५० साल पुस १५ गते स्थापना भएको विद्यालयमा हाल ५ सय ५० विद्यार्थी र ३६ जना कर्माचारी रहेका छन् । वार्षिकोत्सव कार्यक्रममा विद्यालयका विद्यार्थीले विविध साँस्कृति कार्यक्रम प्रस्तुत गरेका थिए ।

# घिरिङमा १५ कि.मि. पर्वतिय दौडमा नरेन्द्र सिं प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन



घिरिङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको आयोजनामा भएको १५ किलोमिटर पर्बतिय दौड प्रतियोगिताबाट नरेन्द्र सिं रावत प्रथम भएका छन ।

रावतले ५० मिनेट ३७ सेकेन्डमा दुरि पूरा गरेका थिए । यस्तै ५० मिनेट ३९ सेकेन्डमा दुरि पूरा गरेर सुवास कार्की द्धितिय र ५२ मिनेट २८ सेकेन्डमा राजन मेयोङ्बा तिर्तिय हुन सफल भएका छन। उनिहरु सबै त्रिभुवन आर्मी क्लब काठमाडौ बाट प्रतियोगितामा सहभागी भएका हुन । उनिहरुले प्रथम पुरस्कार रु ४० हजार, द्दितिय पुरस्कार रु २० हजार, तिर्तिय पुरस्कार रु १० हजार सहित प्रमाणपत्र र मेडल प्राप्त गरेका छन ।

सो प्रतियोगितामा ७४ जना धावकले भाग लिएका थिए। दौड प्रतिस्पर्धाबाट ७ जनाले रु ३ हजारको दरले सान्त्वना पुरस्कार पाएका छन । सान्त्वना पुरस्कृत हुनेहरु क्रमश होम लाल श्रेष्ठ काठमाडौ, विशाल गुरुङ्ग भिमाद ३, सनम गुरुङ्ग आँबुखैरेनी, जुनेस खड्का काठमाडौ, मोहन देब जोशी बैतडी, सरोज शर्मा कास्की, देवराज महत्तरा काठमाडौ रहेका छन। यसै गरि घिरिङ भित्र बाट वडा नं ३ का दशरथ आले प्रथम, वडा नं ५ का तिल बहादुर थापा द्दितिय र वडा नं ३ का विशाल थापा तिर्तिय भएका छन । उनिहरुले पनि रु ३ हजारको दरले सान्त्वना पुरस्कार पाएका छन ।

तनहुँ जिल्लाको दक्षिण भेगमा पर्ने स्याङ्जा, पाल्पा र नवलपुरको सिमाना रहेको घिरिङ गाउँपालिकामा पहिलो पटक दौड प्रतियोगिता राखिएको हो । 'स्वास्थ्यका लागि दौड, राष्ट्रका लागि दौड' भन्ने मुल नारा सहित गाउँपालिका बिशेष सहयोगिको रुपमा रहेको थियो । शनिवार घिरिङ गाउँपालिका वडा नं ३ रानिपोखरी बाट गाउँपालिका अध्यक्ष होम बहादुर थापाले प्रतियोगिताको शुभारम्भ गरेका थिए। रानिपोखरी बाट सुरु गरि मानपुर पुगेर सोही ठाउँमा पुनः फर्किएर धावकहरुले १५ किलोमीटर दुरि पूरा गर्ने मापदण्ड रहेको थियो । सो कार्यक्रमको समापन घिरिङ स्वास्थ्य चौकी प्राङ्गणमा गरिएको थियो। घिरिङ बहुउद्देश्यीय सहकारिका अध्यक्ष मन बहादुर रानाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथी गण्डकी प्रदेशकी उपसभामुख बिना कुमारी थापा मगर रहेकी थिइन।थापाले बिजेता लाई पुरस्कार हस्तान्तरण गर्दै स्वास्थ्यको लागि खेल अपरिहार्य रहेको बताएकि थिइन । उनले घिरिङमा पहिलो पटक पाइला टेक्न पाउँदा खुसि भएको ब्यक्त गर्दै बहु भाषिक, सांस्कृतिक र प्राकृतिक रुपमा भरिपूर्ण रहेकोले घिरिङ पर्यटकिय क्षेत्र सम्भावना बोकेको जनाएकी थिइन । साथै उनले प्रदेशमा आफ्नो भुमिका समान तथा मध्यस्थकर्ताको रुपमा रहने प्रतिबद्धता समेत गरेकी थिइन ।

यस्तै बिशिस्ट अतिथिमा गण्डकी प्रदेश सभा सदस्य श्याम राजा महत, घिरिङ गाउँपालिका अध्यक्ष होम बहादुर थापा, खेलकुद परिषद गण्डकी प्रदेश कार्यकारी सदस्य तारा थापा मगर, घिरिङ गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत बिष्णु प्रसाद पोखरेल, घिरिङ गाउँपालिका निबर्तमान अध्यक्ष रन बहादुर राना लगायतले बोलेका थिए।यसै गरि उपाध्यक्ष राधा देवि अधिकारी, वडा अध्यक्षहरु र राजनितिक दलका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रम संचालन नवराज श्रेष्ठले गरेका थिए भने स्वागत मन्तब्य हुम आलेले गरेका थिए । कार्यक्रममा कौरा नृत्य र पन्चे बाजा जस्ता साँस्कृतिक प्रस्तुति पनि रहेको थियो ।

# ट्र्याक्टरको ठक्करबाट बालकको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ फागुन

बागलुङको ढोरपाटनमा ट्र्याक्टरको ठक्करबाट एक बालकको मृत्यु भएको छ । ढोरपाटन नगरपालिका-६ चामिद्वारमा ध१त ५११ नंको ट्र्याक्टरले ठक्कर दिँदा आज साँझ सोही गाउँका १३ वर्षका लक्ष्मण विकको घटनास्थलमै मृत्यु भएको हो ।

बालकलाई ठक्कर दिने ट्र्याक्टर र चालक कसम पुनमगरलाई इलाका प्रहरी कार्यालय बुर्तिबाङले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक राजाराम खड्काले जानकारी दिनुभयो ।

चामिद्वारमा बालुवा झारेर बुर्तिबाङ फर्किँदै गरेको ट्र्याक्टरले विकलाई ठक्कर दिएको प्रहरीले जनाएको छ । बालक भने बारीमा मल फालेर घर फर्कँदै गरेको खड्काले बताउनुभयो ।

# ग्रामीण समुदायका महिलालाई सीप विकाससम्बन्धी प्रशिक्षण

**पोखरापत्र संवाददाता**
वालिङ, १३ फागुन

स्याङ्जाको कालीगण्डकी ४ थिर्घाकी गङ्गा पाण्डेय घरायसी काममा व्यस्त हुनुहुन्थ्यो । चुलो चौको, घाँसपातसहित घरायसी कामकाज नै उहाँको दैनिकी हुन्थ्यो ।

उहाँजस्तै यहाँका अन्य ग्रामीण महिलाको दैनिकी प्रायः गङ्गाकै जस्तो मिल्दोजुल्दो थियो । ग्रामीण समुदायका महिला काममा निरन्तर खटिने, परिश्रम र मेहेनत गर्ने तर त्यसबाट उपलब्धी नहुने चुनौती थिए ।

दिगो जीविकोपार्जनका लागि महिलालाई उद्यमी बनाउनुपर्छ । यसका लागि महिला सशक्तीकरण तथा उद्यमशीलताका विषयमा प्रशिक्षण आवश्यक रहेको भन्दै मातृभूमि सामुदायिक पुस्तकालयले सीप विकाससम्बन्धी प्रशिक्षण प्रदान गऱ्यो । शान्ति भोलेन्टियर एसोसियसन र रिड नेपालको प्राविधिक सहयोगमा ग्रामीण समुदायमा रहेका महिलालाई लक्षित गरी सीप विकाससम्बन्धी प्रशिक्षण दिएसँगै महिलामा थप उत्साह र ऊर्जा थपिएको छ ।

"घरायसी काममामात्रै सीमित रहँदा अन्य अवसर र सम्भावनाका बारेमा हामीलाई ज्ञान हुँदैनथ्यो", पाण्डेय भन्नुहुन्छ, "जब प्रशिक्षण पायौं अनि सम्भावनाका ढोका खुलेको महसुस भएको छ ।" गङ्गाजस्तै रुपा पाण्डेयमा पनि प्रशिक्षणले प्रभाव पारेको छ । पुस्तकालयले महिलालाई लक्षित गरी आर्थिकरुपमा सशक्त बनाउन प्रशिक्षण दिएसँगै रुपामा पनि थप ऊर्जा ल्याएको छ । "जान्न र बुझ्न सके महिलाको आर्थिक विकासका लागि प्रशस्तै सम्भावना रैछन्", रुपा भन्नुहुन्छ, "प्रशिक्षण पाउनुपूर्व हामी आफ्नै कुराहरू राम्रोसँग राख्न र घरबाहिर निस्केर खुलेर बोल्न सक्दैनथ्यौं, घरकै काममा तल्लिन हुन्थ्यौं, अब समय निकालेर आफूजस्तै अन्य महिला दिदीबहिनीको दैनिकी परिवर्तनमा लाग्ने छु ।"

गङ्गा र रुपा पाण्डेयजस्तै प्रशिक्षणमा सहभागी भएका अन्य ४५ जना ग्रामीण महिलाले आफूहरूमा आत्मबल बढ्दै गएको बताउनुभयो । महिलाको आर्थिक विकासका लागि सम्भावनाको पहिचान भएकाले अब व्यक्तिगत वा सामूहिकरुपमा उद्यमशीलतामा जोडिँदै व्यावसायिकतातर्फ उन्मुख हुँदै जाने उहाँहरूको भनाइ थियो ।

महिलालाई प्रशिक्षण गरी आर्थिक विकासमा बढी प्रभाव पार्न सकिने विश्वाससहित महिला लक्षित कार्यक्रम सञ्चालन गरिएको पुस्तकालयका अध्यक्ष राजेन्द्रप्रसाद पाण्डेयले बताउनुभयो । "महिला अब घरायसी काममा मात्रै सीमित हुनुहुन्न, अब आर्थिक उत्पादनसँग जोडिनुपर्छ यो समयको माग पनि हो", अध्यक्ष पाण्डेयले भन्नुभयो, "महिलालाई आर्थिक उत्पादनसँग जोड्नका लागि पुस्तकालयले त्यहीअनुसारको सीप तथा आवश्यक सामग्री प्रदान गर्छ ।" महिला सीपयुक्त हुने र आर्थिक उत्पादनसँग जोडिने बित्तिकै स्वतन्त्र र सबल हुने विश्वास अध्यक्ष पाण्डेयको छ ।

# सिलिङ्गे महिला चेतना समूहको साधारणसभा एवम् अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन




पोखरा महानगरपालिका वडा नं ३३ मा क्रियाशिल सिलिङ्गे महिला चेतना समूहको १६ औं वार्षिक साधारणसभा एवम् सातौं अधिवेशन एक कार्यक्रमकाबीच शनिबार सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं ३३ का वडा अध्यक्ष रामचन्द्र अधिकारीले सिलिङ्गे महिला चेतना समूहको सकृयता अनुकरणीय भएको बताउनुभयो । सामाजिक जागरणसँगै विकास निर्माणमा समूहले उल्लेख्य काम गरिहेको बताउँदै उहाँले समूहका हरेक गतिविधिमा वडाका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

सिलिङ्गे महिला चेतना समूहका अध्यक्ष कर्णकुमारी महतले समूहको सकृयतामा सदस्यहरूलाई विभिन्न सिपमुलक तालीमका साथै ऐतिहासिक चौतारा, प्रतिक्षालय आदि निर्माण गरिएको बताउनुभयो । समूहले आगामी दिनमा पाण्डेबारीमा चौतारा निर्माणसँगै वातावरण संरक्षणका कार्यक्रम, चेतना एवम् सीपमुलक तालीम प्रदान लगायतका काम गर्ने बताउनुभयो ।

समूहका सचिव सीता केसी महतको सञ्चालन एवम् उपाध्यक्ष सरला महतले स्वागत गर्नुभएको कार्यक्रममा वडा सदस्य विनोदबाबु भण्डारी, रामचन्द्र पौडेल, गुरुप्रसाद पौडेल, चेतबहादुर महत लगायतले समूहले सामाजिक सचेतनासँगै ऐतिहासिक स्थलहरूको संरक्षण र विकासमा गरेको योगदान प्रशंसनीय भएको बताउनुभयो । उक्त अवसरमा समूहका संस्थापक सल्लाहकार एवम् पदाधिकारी एवम् रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेललाई कदरपत्र प्रदान गरी सम्मान गरिएको थियो ।

यसैबीच समूहको सातौं अधिवेशनले पुनः कर्णकुमारी महतको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ ।

नव गठित समितिको उपाध्यक्षमा सरला महत, सचिवमा सीता केसी महत, कोषाध्यक्षमा सविता आचार्य पौडेल, सहसचिवमा विष्णु पौडेल र सदस्यहरूमा लक्ष्मी जमरकटेल, गंगा क्षेत्री, जौमाया विक, सम्झना भट्टराई, विष्णुमाया विक, सुनिता अर्याल महत, जमुना महत र सविता पौडेल रहनुभएको छ ।

अधिवेशन सम्पन्न गर्नका लागि वासुदेव पौडेलको संयोजकत्वमा हेमबहादुर थापा र राधा पौडेल सदस्य रहनुभएको निर्वाचन समिति गठन गरिएको थियो ।

# कहिले बन्छ बुर्तिबाङमा जिल्ला अस्पताल ?

**-डम्बर बुढामगर**
ढोरपाटन, १३ फागुन (रासस)

धौलागिरि अस्पताल जिल्ला सदरमुकाम बागलुङ बजारमा छ । बागलुङ बजारमा रहेको धौलागिरि अस्पतालमा पश्चिम बागलुङका बिरामी नगन्य मात्रा आउँछन् । बागलुङ बजारभन्दाकरिब डेढकिलोमिटर पश्चिमका नागरिकले अहिले पनि जिल्ला अस्पतालबाट पाउने सेवा पाउन सकेका छैनन् । तत्कालीन जिल्ला अस्पताललाई विसं २०६७ मा धौलागिरि अञ्चल अस्पतालका रूपमा स्तरोन्नति गरियो । बागलुङ जिल्ला अस्पताललाई बुर्तिबाङ बनाउने निर्णय भयो ।

बुर्तिबाङमा जिल्ला अस्पताल सञ्चालन गर्ने निर्णय दशक बितिसक्दा पनि अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन । बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई जिल्ला अस्पतालका रूपमा विकास गर्ने गरी भवन बने पनि सरोकारवाला निकायको मौनताले अहिलेसम्म बुर्तिबाङमा जिल्ला अस्पताल सञ्चालनमा आउन सकेको छैन । गाउँगाउँमा स्वास्थ्यचौकी, सामुदायिक स्वास्थ्य इकाइ सञ्चालनमा आए पनि जटिल खालको उपचार गराउन ठूला अस्पतालमै पुऱ्याउनुपर्ने बाध्यता छ । बुर्तिबाङमा पनि पर्याप्त जनशक्ति र आवश्यक उपकरण नहुँदा यहाँका हजारौं नागरिक पाल्पा, पोखरा, भरतपुर र काठमाडौँका ठूला अस्पताल धाउन बाध्य छन् । पछिल्लो समय पालिकामा प्राथमिक स्वास्थ्य केन्द्रको सुविधासहित पालिकास्तरीय आधारभूत अस्पताल बन्दै छन् । यहाँ पनि 'सिरियस' बिरामीको उपचार हुनेमा स्थानीय विश्वस्त छैनन् । गाउँमा कोही सिकिस्त बिरामी भए पाल्पा पोखरा नै पुऱ्याउनेपर्ने बाध्यता स्थानीय मीनबहादुर घर्ती मगरले बताउनुभयो ।

उहाँले सरकारले बुर्तिबाङमा जिल्ला अस्पताल बनाउने आश्वासन दिए पनि अहिलेसम्म बन्न नसक्दा कैयौंले अकालमा ज्यान गुमाउनु परेको बताउनुभयो । गाउँबाट बिरामीलाई बुर्तिबाङ झार्ने र यहाँ उपचार हुन नसक्दा ठूलो अस्पतालमा पुऱ्याउँदापुऱ्याउँदै मृत्यु हुने गरेको दुखेसो पोख्नुभयो । उहाँ भन्नुहुन्छ, "देशमा नेता मात्रै भएर के गर्ने, जनतालाई सधैँ दुःख छ, हाम्रो क्षेत्रमा राम्रो अस्पताल नहुँदा हजारौं रकमसँगै ज्यान गुमाउने पर्ने स्थिति छ ।"

गाउँका स्वास्थ्यचौकीमा उपचार हुन नसकेका बिरामी बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा आउने गर्छन् । यहाँ पनि उपचार नभएपछि अर्को नजिक उपचार हुने अस्पताल कतै छैन । जिल्ला सदरमुकाममा रहेको धौलागिरि अस्पतालमा भन्दा पश्चिम क्षेत्रका बिरामी पाल्पा तथा बुटवलतिर जाने गर्छन् । निसीखोलाका तिलबहादुर पुनले पश्चिम क्षेत्रमा राम्रो अस्पताल नहुँदा देशका ठूला अस्पतालमा जानुपर्ने बाध्यता रहेको गुनासो पोख्नुभयो । "अहिले जमाना फेरियो, संस्कार संस्कृति फेरियो, पहिलेपहिलेको जस्तो अवस्था छैन, खानपान पनि फेरियो, मान्छेलाई अनेकथरीको रोग लाग्न थाल्यो, नजिकमा राम्रो अस्पताल छैन", तिलबहादुरले भन्नुभयो, "पहिले धामीझाँक्री गर्ने चलन थियो अहिले त बिरामी हुँदाबित्तिकै अस्पताल जानुपर्छ, यहाँ उपचार नभएपछि त काठमाडौँ, बटौली जानुपर्छ, यस क्षेत्रका मान्छेको उपचार धेरै महँगो पर्छ ।" बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर निरज सुवेदीले दरबन्दीभन्दा बढी जनशक्ति भए पनि अझै अपर्याप्त भएको बताउनुभयो । उहाँका अनुसार यस स्वास्थ्य केन्द्रमा १२ जनाको दरबन्दी हो तर यहाँ हाल कार्यालय सहयोगीसहित ४० जना कार्यरत छन् । एक जना मेडिकल अधिकृतको दरबन्दी भए पनि पाँच जना मेडिकल अधिकृत छन् । उनीहरू पाँचै जना अस्थायी हुन् । तीन जना अहेवको स्थायी दरबन्दी रहेको एक जना स्थायी र तीन जना करारका छन् । एक जना स्टाफ नर्सको दरबन्दी रहेकामा तीन जना कार्यरत छन् । सोमध्ये दुई जना स्थायी र एक जना करारका छन् । तीन जना अनमीको दरबन्दी रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा पाँच जना कार्यरत छन् । तीमध्ये तीन जना स्थायी, दुई जना करारका छन् । एक जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेकामा तीन जना कार्यरत छन् । जसमा दुई जना स्थायी, एक जना करारका हुन् ।

एक जना कार्यालय सहयोगीको दरबन्दी रहेकामा ११ जना कार्यरत छन् । जसमा दुई जना स्थायी र नौ जना करारका हुन् । एक जना ल्याब टेक्निसियनको दरबन्दी रहेकामा छ जना कार्यरत छन् । जसमा एक स्थायी पाँच जना करारका हुन् । स्वास्थ्य केन्द्रमा हाल एक जना फार्मेसी पनि करारमै राखेर सेवा दिइराखेको डाक्टर सुवेदीले जानकारी दिनुभयो ।

डाक्टर सुवेदी भन्नुहुन्छ, "यहाँ देख्दा धेरै कर्मचारी देखिन्छ, तर चौबिसै घण्टा इमरजेन्सी, ल्याबलगायतका सेवा प्रवाह गर्दा निकै गाह्रो छ, थोरै डाक्टर, नर्स र कर्मचारीले चलाउनुपरेको छ, हामीहरूले जतिसक्दो गुणस्तरीय र सहजरूपमा सेवा प्रदान गरिरहेका छौं, अझै जनशक्ति थपिए यहाँको सेवा धेरै प्रभावकारी बन्थ्यो ।"

डाक्टर सुवेदीका अनुसार अहिले यहाँ १५ शय्या सञ्चालनमा छ । यस स्वास्थ्य केन्द्रमा हुने गर्भवती शल्यक्रिया सेवा सिन्धुलीबाहेक नेपालको कुनै प्राथमिक स्वास्थ्य केन्द्रमा नभएको सुवेदीको भनाइ छ । गर्भवती शल्यक्रिया सेवा यहाँ लामो समयदेखि सञ्चालनमा छ । पछिल्लो समय यहाँ दैनिक करिब डेढ सय बिरामी आउने गरेको डाक्टर सुवेदीले बताउनुभयो । प्राथमिक स्वास्थ्य केन्द्र भए पनि जिल्ला अस्पतालमा जस्तो बिरामी चाप हुने उहाँको भनाइ छ । गण्डकी प्रदेशसभा सदस्य दोर्णकुमार कुँवरले बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति गरी एक सय शय्याको अस्पताल बनाउन पहल गरिरहेको बताउनुभयो । उहाँले ५० देखि तीन सय शय्याको अस्पताल व्यवस्थापन र सञ्चालन गर्ने दायित्व प्रदेश सरकारको भएको भन्दै यस विषयमा गम्भीर भएर लाग्न प्रदेश सरकारलाई आग्रह गर्ने बताउनुभयो ।

"यहाँ एक सय शय्याको अस्पताल बनाउन पर्याप्त जग्गा छ, पूर्वाधार छ, अब जनशक्ति र आवश्यक उपकरण व्यवस्थापन गरी सञ्चालन गर्न बाँकी छ", सांसद कुँवरले भन्नुभयो, "हामीहरूले बुर्तिबाङमा एक सय अस्पतालको बनाउनका माग गरिरहेको धेरै वर्ष बितिसक्यो अहिलेसम्म सुनुवाइ हुन सकेन, सरकारले अपनत्व 'फिल' गऱ्यो भने गाह्रो छैन ।" यहाँ विशेषज्ञ डाक्टरसहित जिल्ला अस्पताल सञ्चालनमा आए पश्चिम बागलुङ छ पालिकासहित गुल्मी, प्युठान, रोल्पा र पूर्वी रुकुमका हजारौं नागरिकले स्वास्थ्य सेवा लिन सहज हुने थियो ।

# नेविसङ्घको आयोजनामा 'अल नेपाल ह्याकाथन' कार्यक्रम हुने

**रासस**
काठमाडौं), १३ फागुन

नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) केन्द्रीय समितिको आयोजनामा ' अल नेपाल ह्याकाथुन' कार्यक्रमको आयोजना हुने भएको छ ।

नेविसङ्घ केन्द्रीय समितिको आयोजना तथा नेविसङ्घ पुल्चोक क्याम्पसको सहआयोजनामा यही फागुन १६ देखि १८ गतेसम्म पुल्चोकमा कार्यक्रम आयोजना गर्न लागिएको जानकारी दिइएको हो । नेविसङ्घले आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा नेविसङ्घका अध्यक्ष दुजाङ शेर्पाले पुल्चोक क्याम्पसमा हुन लागेको ह्याकाथुन कार्यक्रममा पछिल्लो समय आम नागरिकले भोग्दै आएका समस्यालाई उजागर गरी समाधानको प्रयास थालिने जानकारी दिनुभयो ।

अध्यक्ष शेर्पाले पछिल्लो समय त्रिभुवन विश्वविद्यालयमा विद्यार्थीहरुको आकर्षण घटिरहेको भन्दै विद्यार्थीले सो विश्वविद्यालयको विकल्प खोजिरहेको बताउनुभयो । "त्रिविमा प्रश्नपत्र दोहोरिराख्ने, समयमा परीक्षा नहुने, समयमा परीक्षा हुँदा पनि छ महिना, एक वर्षमा नतिजा नआउने समस्या छ, अहिले हाम्रा विद्यार्थीले अनुसन्धानमा ध्यान दिन सकेका छैनन्", उहाँले भन्नुभयो ।

नेविसङ्घले शैक्षिक, राजनीतिक विषय मात्र नभएर विज्ञान प्रविधिको विषयलाई पनि प्राथमिकतामा राख्दै आएको उहाँको भनाइ थियो । ड्राइभिङ लाइसेन्स, मालपोत, पासपोर्ट विभागमा हुने घण्टौं लामो लाइन र पटकपटक हुने सर्भर डाउन, विश्वविद्यालयको परीक्षा प्रणालीमा भएको ढिलासुस्ती र नतिजा प्रकाशनको अनिश्चितता, शेयर कारोबार गर्दा देखिने सर्भर त्रुटि जस्ता विद्यमान समस्याको समाधान ह्वाकाथुनमार्फत खोजिने अध्यक्ष शेर्पाले बताउनुभयो ।

ह्याकाथुन कार्यक्रममार्फत काठमाडौँलगायत देशभरका सहरमा बढ्दो प्रदूषण र फोहर व्यवस्थापनलाई प्राविधिक सहायतामा कसरी समाधान गरेर सफा र सुन्दर बनाउन सकिन्छ भन्नेबारे वैज्ञानिक प्रयोगका विषयमा प्रणाली तयार पारिने नेविसङ्घले जनाएको छ ।

# साइबर सुरक्षाबारे अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ फागुन

पछिल्लो समय सामाजिक सञ्जालको दुरुपयोगका कारण प्रतिदिन बढ्दै गएका साइबर अपराधसम्बन्धी घटनाको न्यूनीकरणका लागि ग्रामीण क्षेत्रसम्म नै जनचेतना जगाउने कार्यक्रम सुरु गरिएको छ ।

सुनौलो नेपाल अनलाइन र नेपाल दूरसञ्चार प्राधिकरणको सहयोगमा बरेङ गाउँपालिकामा साइबर अपराध र साइबर सुरक्षासम्बन्धी यस्तै एकदिने सचेतनामूलक अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको हो ।

सामाजिक सञ्जालको बढी प्रयोग गर्ने समूहलाई लक्षित गरी सञ्चालित सो कार्यक्रममा पालिकाका जनप्रतिनिधि, कर्मचारी, विद्यार्थी, शिक्षक गरी दुई सयभन्दा बढीको सहभागिता थियो । उक्त कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य डिल्लीराम सुवेदीले इन्टरनेटको जमानामा हुर्के बढेका बालबालिका, पढ्दै गरेका विद्यार्थीलगायत अभिभावकले साइबर सुरक्षामा विशेष ध्यान दिनुपर्ने बताउनुभयो । "साइबर असुरक्षाको जोखिम हाम्रा बालबालिकामा बढी परेको छ", उहाँले भन्नुभयो "जोखिम कम गर्ने एउटै उपाय सचेतना हो ।" कार्यक्रममा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनाल, प्रहरी उपरीक्षक योगेन्द्रकुमार खड्का लगायतले साइबर सुरक्षा र साइबर अपराधका बारेमा सहभागीलाई जानकारी गराउनुभएको थियो ।